# प्रदेश लोक सेवा आयोग

**कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत**

**(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)**

## प्रदेश निजामती सेवाका सातौं तहका (प्राविधिक/अप्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. १५४।२०८१-०८२ प्रकाशित मितिः- २०८१।०८।२५

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ र ३३ बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारले आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१।०९।२९ गते सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ। ज्येष्ठता गणना कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३५ बमोजिम हुनेछ।

दरखास्त फाराम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिनेछैन।

### उम्मेदवारले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू:

१. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २० बमोजिम योग्य भएको र दफा ३० बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने (यसका लागि सम्बन्धित विभागीय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेश गर्नुपर्नेछ)।
२. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेश गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र सेवाकालीन तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र कर्णाली प्रदेशमा समायोजन भएको पत्र पेश गर्नुपर्ने।
५. ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ३२ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सेवाकालीन तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने।
६. बढुवाका लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि, सेवाकालीन तालिम र शैक्षिक योग्यता कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९ बमोजिम हुनुपर्ने।
७. बढुवा सम्बन्धी अन्य व्यवस्था कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम हुने।

**(क) ज्येष्ठता र कार्य सम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | ०७।२०८१-८२ | वन अधिकृत, प्रदेश वन, जनरल फरेस्ट्री | १ |
| २ | ०८।२०८१-८२ | जनस्वास्थ्य अधिकृत, प्रदेश स्वास्थ्य, हे.ई. | १ |
| ३ | ०९।२०८१-८२ | मेडिकल ल्याब टेक्नोलोजिस्ट, प्रदेश स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | १ |

**(ख) कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | १०।२०८१-८२ | इन्जिनियर, प्रदेश इन्जिनियरिङ, सिभिल, स्यानिटरी | १ |
| २ | ११।२०८१-८२ | इन्जिनियर, प्रदेश इन्जिनियरिङ, सिभिल, वि. एण्ड आर्क. | १ |
| ३ | १२।२०८१-८२ | वागवानी विकास अधिकृत, प्रदेश कृषि, बागवानी | १ |
| ४ | १३।२०८१-८२ | वन अधिकृत, प्रदेश वन, जनरल फरेस्ट्री | २ |
| ५ | १४।२०८१-८२ | पुरातत्व अधिकृत, प्रदेश शिक्षा, पुरातत्व | १ |

**दरखास्त दस्तुरः-** रु. १,२००।- (एक हजार दुई सय रुपैयाँ मात्र)

**दरखास्त दस्तुर बुझाउने तरिकाः- https://revenue.fcgo.gov.np/** पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजस्व शीर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै द्विविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

## स्थानीय सेवाका सातौँ तहका (प्राविधिक/अप्राविधिक) पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं. १५५।२०८१-०८२ प्रकाशित मितिः- २०८१।०८।२५

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३१ र ३२ बमोजिम ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारले आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१।०९।२९ गते सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ। ज्येष्ठता गणना स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३४ बमोजिम हुनेछ।

दरखास्त फाराम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा बढुवा समितिको सचिवालयमा पठाइनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

### उम्मेदवारले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू:

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २० र २९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने (यसका लागि सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेश गर्नुपर्नेछ)।
२. दरखास्त फाराम पेश गर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेश गर्नुपर्ने।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।
४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम पेश गर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र सेवाकालीन तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहहरूमा समायोजन भएको पत्र पेश गर्नुपर्ने।
५. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ को उपदफा (१) बमोजिमको सेवाकालीन तालिमको प्रमाणपत्र पेश गर्नुपर्ने।
६. कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरू स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३२ बमोजिम हुने।
७. बढुवाको लागि आवश्यक पर्ने सेवाकालीन तालिम, न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम हुनुपर्ने।
८. बढुवा सम्बन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम हुने।

**(क) ज्येष्ठता र कार्य सम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | १५।२०८१-८२ | लेखा अधिकृत, स्थानीय प्रशासन, लेखा | १ |
| २ | १६।२०८१-८२ | इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल | १ |
| ३ | १७।२०८१-८२ | कृषि अधिकृत, स्थानीय कृषि, समूहकृत नहुने | २ |
| ४ | १८।२०८१-८२ | पशु विकास अधिकृत, स्थानीय कृषि, ला.पो.डे.डे. | १ |
| ५ | १९।२०८१-८२ | शिक्षा अधिकृत, स्थानीय शिक्षा, शिक्षा प्रशासन | १ |
| ६ | २०।२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्थानीय स्वास्थ्य, हे.ई. | १ |

**(ख) कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | २१।२०८१-८२ | लेखा अधिकृत, स्थानीय प्रशासन, लेखा | २ |
| २ | २२।२०८१-८२ | इन्जिनियर, स्थानीय इन्जिनियरिङ, सिभिल | २ |
| ३ | २३।२०८१-८२ | कृषि अधिकृत, स्थानीय कृषि, समूहकृत नहुने | २ |
| ४ | २४।२०८१-८२ | पशु विकास अधिकृत, स्थानीय कृषि, ला.पो.डे.डे. | १ |
| ५ | २५।२०८१-८२ | शिक्षा अधिकृत, स्थानीय शिक्षा, शिक्षा प्रशासन | २ |
| ६ | २६।२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्थानीय स्वास्थ्य, हे.ई. | १ |

**दरखास्त दस्तुरः-** रु. १,२००।- (एक हजार दुई सय रुपैयाँ मात्र)

**दरखास्त दस्तुर बुझाउने तरिकाः- https://revenue.fcgo.gov.np/** पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजस्व शीर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्नेछ।

**कार्यालय कोडः-** २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

**राजस्व शीर्षक नं.:-** १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै दुविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

## प्रदेश निजामती सेवा र स्थानीय सेवाका सातौँ तहका (प्राविधिक/अप्राविधिक) पदहरूको आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह र खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. १५६।२०८१-०८२ प्रकाशित मितिः- २०८१।०८।२५

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सेवाका देहायका सेवा, समूह, उपसमूह र तहका पदको आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहायबमोजिम योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारले आयोगको अनलाइन दरखास्त प्रणाली **https://ppsconline.karnali.gov.np** बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रदेश निजामती सेवा र स्थानीय सेवाका आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह र खुला तथा समावेशी प्रतियोगिताका परीक्षा मिति र समय आयोगको वेबसाइटमा पछि प्रकाशित गरिनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारको प्राथमिकता क्रम अनुसार नियुक्तिको लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

**क. सातौँ तहका अप्राविधिक पदहरू**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश निजामती सेवा/स्थानीय सेवा | पदपूर्ति किसिम/समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ३०१/२०८१-८२ | लेखा अधिकृत, प्रशासन, लेखा | स्थानीय सेवा | आ.अ.से.प्र. | १ |
| २ | ३०२/२०८१-८२ | लेखा अधिकृत, प्रशासन, लेखा | स्थानीय सेवा | खुला | २ |
| ३ | ३०३/२०८१-८२ | लेखा अधिकृत, प्रशासन, लेखा | स्थानीय सेवा | खस आर्य | १ |
| ४ | ३०४/२०८१-८२ | लेखा अधिकृत, प्रशासन, लेखा | स्थानीय सेवा | दलित | १ |

**ख. सातौँ तहका प्राविधिक पदहरू**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | प्रदेश निजामती सेवा/ स्थानीय सेवा | पदपूर्ति किसिम/समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ५१२/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय सेवा | आ.अ.से.प्र. | १ |
| २ | ५१३/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | प्रदेश निजामती सेवा | खुला | १ |
| | | इन्जिनियर, इन्जि., सिभिल, इरिगेशन | प्रदेश निजामती सेवा | खुला | १ |
| | | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय सेवा | खुला | २ |
| ३ | ५१४/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय सेवा | खस आर्य | १ |
| ४ | ५१५/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल | स्थानीय सेवा | दलित | १ |
| ५ | ५१६/२०८१-८२ | इन्जिनियर, इन्जि., सिभिल, वि.एण्ड आर्क. | प्रदेश निजामती सेवा | खुला | १ |
| ६ | ५१७/२०८१-८२ | इन्जिनियर, इन्जि., मेकानिकल, जनरल | प्रदेश निजामती सेवा | खुला | १ |
| ७ | ५१८/२०८१-८२ | कृषि अधिकृत, कृषि, समूहकृत नहुने | स्थानीय सेवा | आ.अ.से.प्र. | १ |
| ८ | ५१९/२०८१-८२ | बागवानी विकास अधिकृत, कृषि, बागवानी | प्रदेश निजामती सेवा | खुला | १ |
| | | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | प्रदेश निजामती सेवा | खुला | १ |
| | | कृषि अर्थ विज्ञ, कृषि, एग्री. इको एण्ड मा. | प्रदेश निजामती सेवा | खुला | १ |
| | | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | प्रदेश निजामती सेवा | खुला | १ |
| | | बाली विकास अधिकृत, कृषि, बाली विकास | प्रदेश निजामती सेवा | खुला | १ |
| | | कृषि अधिकृत, कृषि, समूहकृत नहुने | स्थानीय सेवा | खुला | ३ |
| ९ | ५२०/२०८१-८२ | कृषि अधिकृत, कृषि, समूहकृत नहुने | स्थानीय सेवा | खस आर्य | १ |
| १० | ५२१/२०८१-८२ | कृषि अधिकृत, कृषि, समूहकृत नहुने | स्थानीय सेवा | दलित | १ |
| ११ | ५२२/२०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय सेवा | आ.अ.से.प्र. | १ |
| १२ | ५२३/२०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय सेवा | खुला | २ |
| १३ | ५२४/२०८१-८२ | पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे. | स्थानीय सेवा | खस आर्य | १ |
| १४ | ५२५/२०८१-८२ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश निजामती सेवा | आ.अ.से.प्र. | १ |
| १५ | ५२६/२०८१-८२ | वन अधिकृत, वन, जनरल फरेस्ट्री | प्रदेश निजामती सेवा | खुला | ३ |
| | | जलाधार व्यवस्थापन अधिकृत, वन, स्वा.एण्ड वा.क. | प्रदेश निजामती सेवा | खुला | १ |
| | | सहायक अनुसन्धान अधिकृत, वन, फरेस्ट रिसर्च | प्रदेश निजामती सेवा | खुला | १ |
| १६ | ५२७/२०८१-८२ | शिक्षा अधिकृत, शिक्षा, शि.प्र. | स्थानीय सेवा | आ.अ.से.प्र. | १ |
| १७ | ५२८/२०८१-८२ | शिक्षा अधिकृत, शिक्षा, शि.प्र. | स्थानीय सेवा | खुला | ३ |
| १८ | ५२९/२०८१-८२ | शिक्षा अधिकृत, शिक्षा, शि.प्र. | स्थानीय सेवा | खस आर्य | १ |
| १९ | ५३०/२०८१-८२ | शिक्षा अधिकृत, शिक्षा, शि.प्र. | स्थानीय सेवा | दलित | १ |
| २० | ५३१/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | प्रदेश निजामती सेवा | आ.अ.स.प्र. | १ |
| २१ | ५३२/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | स्थानीय सेवा | आ.अ.स.प्र. | १ |
| २२ | ५३३/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | प्रदेश निजामती सेवा | खुला | १ |
| | | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | स्थानीय सेवा | खुला | २ |
| २३ | ५३४/२०८१-८२ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | स्थानीय सेवा | खस आर्य | १ |
| २४ | ५३५/२०८१-८२ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी | प्रदेश निजामती सेवा | खुला | १ |
| २५ | ५३६/२०८१-८२ | फिजियोथेरापिष्ट, स्वास्थ्य, फिजियोथेरापी | प्रदेश निजामती सेवा | खुला | १ |
| २६ | ५३७/२०८१-८२ | मेडिकल ल्याब टेक्नोलोजिस्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | प्रदेश निजामती सेवा | आ.अ.स.प्र. | १ |
| २७ | ५३८/२०८१-८२ | मेडिकल ल्याब टेक्नोलोजिस्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | प्रदेश निजामती सेवा | खुला | १ |
| २८ | ५३९/२०८१-८२ | रेडियोग्राफी टेक्नोलोजिस्ट, स्वास्थ्य, रेडियोग्राफी | प्रदेश निजामती सेवा | खुला | १ |
| २९ | ५४०/२०८१-८२ | वायोमेडिकल इन्जिनियर, स्वास्थ्य, विविध | प्रदेश निजामती सेवा | खुला | १ |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम, भाषा पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ)।

**परीक्षा केन्द्रः-** वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १,०००।- (एक हजार रुपैयाँ मात्र) बुझाउनुपर्नेछ। समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर रु. ४००।- बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनोट गरी दरखास्त दस्तुर भुक्तानी गर्ने। Online Payment गर्ने उम्मेदवाहरूले तोकिएको Wallet हरूको प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनोट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई दरखास्त दस्तुर बुझाउने अवधिभित्र बुझाइसक्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार सङ्केत नम्बर उल्लेख भएको भौचरसहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाइसक्नुपर्नेछ।

**दरखास्तको माध्यमः-** विज्ञापित पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनुपर्नेछ। अनलाइन प्रणालीमार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण **https://ppsconline.karnali.gov.np** बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरूः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी jpg file अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण रूपमा जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१।०९।१५ सम्म र दोब्बर दस्तुर तिरी २०८१।०९।२२ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०८१।०९।१५ सम्म २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको, कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (६) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १० को उपदफा (७) बमोजिमका अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको तर सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन। स्थानीय तहको स्वीकृत स्थायी दरबन्दीमध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ प्रारम्भ हुँदाका बखत अविच्छिन्न रूपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई उम्मेरको हद लाग्ने छैन।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थान**: लिखित परीक्षाको नतिजा प्रकाशित हुँदाका बखत सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह उपसमूह सम्बन्धी।

**तलब, सेवा सर्त तथा सुविधाः-** प्रचलित कानून बमोजिम।

### खुला, आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूहका लागि आवश्यक न्यूनतम योग्यताः

खुला प्रतियोगितात्मक परीक्षाका लागि उम्मेदवार हुन देहायको शैक्षिक योग्यता र कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (३) वा (४) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ दफा ९ को उपदफा (३) वा (४) को बमोजिम अनुभव प्राप्त गरेको हुनुपर्नेछ र दरखास्त दिने उम्मेदवारले दरखास्त दिने अन्तिम मिति सम्ममा अनिवार्य रूपमा सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

१. **लेखा अधिकृत, स्थानीय प्रशासन, लेखा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा स्नातक वा अर्थशास्त्र, गणित वा तथ्याङ्क शास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण।
२. **इन्जिनियर, इन्जिनियरिङ, सिभिल, इरिगेसन/स्यानिटरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।
३. **इन्जिनियर, इन्जिनियरिङ, मेकानिकल, जनरल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उत्तीर्ण।
४. **इञ्जिनियर, इन्जिनियरिङ, सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।
५. कृषि **अधिकृत, बागवानी विकास अधिकृत, कृषि प्रसार अधिकृत, बाली विकास अधिकृत, बाली संरक्षण अधिकृत, कृषि, बागवानी, कृषि प्रसार, बाली विकास, बाली संरक्षण:** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि. एस्सी. एग्री. वा सो सरह उत्तीर्ण गरेको।
६. **अधिकृत/कृषि अर्थ विज्ञ, कृषि, एगृ इको एण्ड मार्केटिङः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एग्री इकोनोमिक्स वा एग्री बिजनेस मुख्य विषय लिई बी.एस्सी.एग्री. वा सो सरह उत्तीर्ण गरेको।
७. **पशु विकास अधिकृत, कृषि, ला.पो.डे.डे :** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी. (एनिमल साइन्स) वा बि.टेक.(डेरी टेक्नोलोजी वा लाइभस्टक एक्सटेन्सन) वा बि.भि.एस्सी. एण्ड ए.एच. वा सो सरह उत्तीर्ण।
८. **वन अधिकृत, प्रदेश वन, जनरल फरेस्ट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भीकल्चर, वनस्रोत मापन (फरेस्ट मेन्सुरेसन), वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन, भू तथा जलाधार व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण।
९. **जलाधार व्यवस्थापन अधिकृत, प्रदेश वन, स्वायल एण्ड वाटर कन्जरभेसन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इन्जिनियरिङ वा वन वातावरण विषयमा स्नातक वा सो सरह उत्तीर्ण।
१०. **सहायक अनुसन्धान अधिकृत, वन, फरेस्ट रिसर्च :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु/पार्क व्यवस्थापन वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा वातावरण व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण।
११. **जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई.:** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह उत्तीर्ण।
१२. **मेडिकल ल्याब टेक्नोलोजिस्ट, स्वास्थ्य, मे.ल्या.टे.,ज.मे.ल्या.टे.**: मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक तह उत्तीर्ण।
१३. **रेडियोग्राफी टेक्नोलोजिस्ट, स्वास्थ्य, रेडियोग्राफी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा स्नातक तह वा सो सरह उत्तीर्ण।
१४. **फिजियोथेरापिस्ट, स्वास्थ्य, फिजियोथेरापी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजियोथेरापी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।
१५. **फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।
१६. **बायोमेडिकल इन्जिनियर, स्वास्थ्य, विविधः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बायोमेडिकल इन्जिनियरिङ विषयमा स्नातक तह वा मेडिकल इलेक्ट्रोनिक इन्जिनियरिङ उत्तीर्ण।
१७. **शिक्षा अधिकृत, शिक्षा, शिक्षा प्रशासन :** मान्यता प्राप्त शिक्षण संस्थावाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

### आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह, खुला तथा समावेशी परीक्षाका लागि आवेदन दिदाँ ध्यान दिनु पर्ने विषयहरूः

क. कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।
ख. आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह प्रतियोगितातर्फ दरखास्त दिन कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ को उपदफा (८) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९ को उपदफा (८) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।
ग. आन्तरिक अन्तर सेवा/आन्तरिक अन्तर समूह प्रतियोगिता, खुला तर्फको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रूपमा प्रकाशन गरिनेछ।
घ. सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यता क्रम (Merit Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिनेछ।
ङ. खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै समूह उपसमूहको एकमुष्ट रूपमा प्रकाशन गरिनेछ।
च. लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारले सामूहिक परीक्षण तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि कार्यालयको प्राथमिकता क्रम अनिवार्य रूपले भर्नुपर्नेछ। सामूहिक परीक्षणमा अनुपस्थित भएका उम्मेदवारहरूलाई अन्तर्वार्तामा समावेश गराइने छैन।
छ. समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारले समावेशी समूहको प्राथमिकता क्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ। एउटै व्यक्तिले एक भन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने निजले त्यस्ता समूहहरूमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्रै प्रतिस्पर्धा गर्न पाउनेछ।
ज. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट सामूहिक परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी समूहमा छनोट भएका उम्मेदवारलाई एक पटक मात्र सामूहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। सामूहिक परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
झ. सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यता क्रम (Merit Order) र उम्मेदवारले रोजेको कार्यालयको प्राथमिकता क्रम (Priority Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिनेछ।

(बाँकी पृष्ठ ११ मा)

# मुख्यमन्त्रीसमक्ष किशोरीका गुनासो



मुख्यमन्त्री चेतनारायण आचार्यलाई मागपत्र बुझाउँदै किशोरी ।

**दाङ समाचारदाता**
*दाङ, मङ्सिर २४ गते*

रुकुमपूर्व पुथाउत्तरगङ्गा गाउँपालिकाका किशोरीले लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यसँग भेट गर्दै समुदायका समस्या सुनाएका छन्। सोमबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा भेट गर्दै किशोरीले गाउँसमाजमा आफूहरूले भोगिरहेका समस्या मुख्यमन्त्री आचार्यलाई सुनाएका हुन्। उनीहरूले उज्ज्वल भविष्य र बलियो अभियान सञ्चालनका लागि १७ बुँदे मागपत्र मुख्यमन्त्री आचार्यलाई बुझाएका छन्।

मुख्यमन्त्री आचार्यले किशोरीले राखेका समस्यालाई प्रदेश सरकारले सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। किशोरीले थालेको अभियानमा प्रदेश सरकारले साथ दिने बताउँदै उहाँले किशोर–किशोरीको स्वास्थ्य, शिक्षालगायत मनोसामाजिक क्षेत्रमा सहयोग पुर्‍याउने गरी कार्यक्रम बनाएको जानकारी दिनुभयो। समुदाय केन्द्रित जनजागरण अभियानलाई तीव्रता दिन, अभियानमा किशोर–किशोरीको सहभागिता सुनिश्चित गरिने पनि बताउनुभयो। "तपाईंहरूले उठाएका माग प्रदेश सरकारले सुन्छ। बालविवाह मुक्त प्रदेश बनाउने अभियानमा यहाँहरूको साथ सहयोग चाहिन्छ।" उहाँले भन्नुभयो, "बनेका नीति, नियम तथा कानुनको कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छ।"

बालविवाहको समस्या समाधान गर्न जनजागरण अभियानलाई तीव्र पार्नुपर्ने उहाँले बताउनुभयो। नीतिगत रूपमा प्रदेश सरकारले सम्बोधन गरेको र छुटेका विषयलाई आगामी दिनमा सम्बोधन गरिने पनि उहाँले जानकारी दिनुभयो। पुथाउत्तरगङ्गामा विकास र समृद्धि पुर्‍याउन प्रदेश सरकारले प्राथमिकतामा राखेको उहाँले बताउनुभयो। "त्यस क्षेत्रको विकास नगरेसम्म समग्र लुम्बिनी प्रदेशको विकास हुन सक्दैन भन्ने कुरामा प्रदेश सरकार जानकार छ।" उहाँले भन्नुभयो, "पुथाउत्तरगङ्गादेखि मर्चवारसम्मलाई माथि उठाउन सक्यौँ भने प्रदेशको समग्र विकास भएको मानिने छ। यस दिशामा सरकार अघि बढेको छ।"

भूगोलबाट पछाडि परेको, जनचेतनाको अभावले पनि पछाडि परेका क्षेत्रको पहिचान गरेर प्रदेश सरकारले काम गर्ने उहाँले जानकारी दिनुभयो। समुदायमा अझै पनि जातीय छुवाछुत, दाइजो प्रथा, बोक्सीको आरोप लगाउने, छोट्टी बस्ने, बहुविवाह गर्ने जस्ता सामाजिक र सांस्कृतिक परम्पराको नाममा हुने हिंसा अन्त्यका लागि प्रदेश सरकारले भूमिका बढाउनुपर्ने किशोरीले माग राखेका छन्।

स्वास्थ्य चौकीको स्थापना र सहज उपचार सेवादेखि खेल क्षेत्रको विकासका लागि खेलकुद मैदान र खेल सामग्रीको व्यवस्था गर्न माग राखेका छन्। घर र विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गर्नुपर्ने, बालबालिका र ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता समयमा आइ नपुग्ने, महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अतिविपन्नलाई सहज तरिकाले मासिक भत्ता लिने व्यवस्था मिलाउनुपर्ने माग राखेका छन्। मुख्यमन्त्रीलाई समस्या सुनाउन किशोरी सञ्जालमा आबद्ध स्मृति सेन, प्रतिमा पुन, आरती घर्ती, समृद्धि बुढा, सुप्रिया घर्तीलगायतका पुग्नुभएको थियो।

# 'गैँडा स्थानान्तरण गर्नु अनुचित'

**बोमलाल गिरी**
*नवलपुर, मङ्सिर २४ गते*

चितवन राष्ट्रिय निकुञ्ज पश्चिम सेक्टर (नवलपुर क्षेत्र) बाट थप चार गैँडा स्थानान्तरण गरी पूर्वी सेक्टर (सौराहा) लैजाने तयारी गरिएको भन्दै यहाँका सरोकारवालाले विरोध गरेका छन्। यहाँका सबै सरोकारवालाले एक कार्यक्रम आयोजना गरी गैँडा स्थानान्तरण आवश्यक नभएको निष्कर्ष निकालेका छन्।

नेपालका लागि एकसिङे गैँडा गहना भएकाले संरक्षणका लागि आवश्यक सबै पहल गर्ने प्रतिबद्धतासमेत जनाइएको छ। सन् २०२२ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागको नेतृत्वमा गठित प्राविधिक कार्यदलले गरेको एक वर्ष लामो सम्भाव्यता अध्ययनले निकुञ्जको पश्चिम सेक्टरबाट १० वटा गैँडालाई स्थानान्तरण गरी पूर्वी सेक्टर लैजान सिफारिस गरेको थियो। त्यस अनुसार छ वटा गैँडा गत वर्षको चैतमै स्थानान्तरण गरी पूर्वी सेक्टर लगिएको छ। थप चार वटा गैँडा स्थानान्तरणको तयारी भएपछि यहाँका सरोकारवालाले विरोध गरेका छन्।

देवचुली नगरपालिकाका प्रमुख हरिप्रसाद न्यौपानेले गैँडा स्थानान्तरण यहाँका जनताको हितमा नहुने भन्दै स्थानीय सरकार प्रमुखको हैसियतले निकुञ्जले त्यसो नगरोस् भन्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "गैँडा स्थानान्तरण सम्पदा, संरक्षण, समुदाय, राष्ट्र र राष्ट्रियताको हितमा छैन। संरक्षणको जिम्मा हामी लिन्छौँ।"

गैँडाकोट नगरपालिकाका प्रमुख मदनभक्त श्रेष्ठले गैँडा मात्र होइन; जरायो, बँदेललगायतका जङ्गली जनावर पटक पटक बारीमा छिरेर किसानको बाली नष्ट गर्ने गरेपछि मेस जाली लगाएर संरक्षण गर्न सफल भएको बताउनुभयो। यो वर्ष पनि थप बजेट विनियोजन गरिएकाले स्थानीय सरकार यहीँ गैँडा संरक्षणका लागि प्रतिबद्ध रहेको उहाँको भनाइ छ। जिल्ला समन्वय समिति नवलपुरका प्रमुख बाबुराम विश्वकर्माले गैँडासँग जोडिएको पर्यापर्यटन नवलपुरको जीवनलाई समृद्ध बनाउने आधार भएको भन्दै स्थानान्तरण आवश्यक नभएको बताउनुभयो। गैँडा यहाँका होमस्टे, पर्यटन उद्योग, कृषि तथा मानवीय जीवनसँग जोडिएको विषय भएको उहाँको भनाइ थियो।

> सन् २०२२ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागको नेतृत्वमा गठित प्राविधिक कार्यदलले गरेको एक वर्ष लामो सम्भाव्यता अध्ययनले निकुञ्जको पश्चिम सेक्टरबाट १० वटा गैँडालाई स्थानान्तरण गरी पूर्वी सेक्टर लैजान सिफारिस

संरक्षणकर्मी प्रेमशङ्कर मर्दनियाले गैँडा राष्ट्रियता र देशको पहिचान भएको भन्दै नवलपुरको गैँडाकोटदेखि त्रिवेणीसम्म पर्याप्त सामुदायिक वन भएकाले गैँडाको प्रजननका लागि यो क्षेत्र उपयुक्त भएको बताउनुभयो। घाँसे मैदानसहितको पर्याप्त आहार, चिसो ठाउँ, पानीको पर्याप्तता तथा हरेक हिसाबले पश्चिम सेक्टर सुरक्षित स्थान भएकाले यहाँबाट गैँडा स्थानान्तरण अनावश्यक रहेको तर्क गर्नुभयो।

शुक्लाफाँटा, बर्दिया, कोशीटप्पुतिर त्यहाँको पर्यापर्यटन प्रवर्धन गर्नका लागि वन्यजन्तुलाई लैजान सकिन्छ भन्दै मर्दनियाले भन्नुभयो, "नवलपुरबाट पूर्वी चितवन स्थानान्तरण गर्नु उपयुक्त होइन, यो त जोडिएको ठाउँ हो। १५ दिनमा गैँडा हिँड्दै यही आइपुग्छ। त्यसैले स्थानान्तरण सान्दर्भिक देखिँदैन।"

डिभिजन वन कार्यालयका प्रमुख वसन्तकेशव अधिकारीले गैँडाले कृषि बालीमा नोक्सान गर्दा कृषि ज्ञान केन्द्रले क्षतिपूर्ति दिने गरेको, मान्छेलाई घाइते बनाए दुई लाख रुपियाँ र औषधी उपचारमा लाग्ने सम्पूर्ण खर्च तथा मृत्यु भएमा १० लाख रुपियाँसम्म सरकारले राहत दिने गरेको जानकारी दिनुभयो। वन कार्यालयले यो वर्ष चार वटा मध्यवर्ती वनमा ८० लाख रुपियाँ खर्च गरेर मेस जाली लगाउन लागेको अधिकारीले बताउनुभयो। तिनै तहका सरकारले पनि गैँडा प्रवेश गर्ने नाकामा रकम विनियोजन गरेमा मानिस र जनावरबिचको द्वन्द्व कम हुने अधिकारीको भनाइ छ।

चितवन राष्ट्रिय निकुञ्ज अमलटारी सेक्टरका संरक्षण अधिकृत मधु नेपालीले भने वन्यजन्तु विभागले बासस्थानको अवस्था, आहार र द्वन्द्वको अवस्था हेरेर गैँडा स्थानान्तरण गर्ने निर्णय गरेको भन्दै आफूले यहाँ उठेका कुरा सम्बन्धित निकायसम्म पुर्‍याउन सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। गत कात्तिक २९ गते यहाँका पर्यटन व्यवसायी, होटल व्यवसायी, नेचर गाइड, संरक्षणकर्मी, मध्यवर्ती वन व्यवस्थापन समितिका पदाधिकारी र सरोकारवालाले गैँडा स्थानान्तरण रोक्न दबाब दिन गैँडा संरक्षण समन्वय समितिसमेत गठन गरेका छन्।

गैँडा स्थानान्तरणले जिल्लाको पर्यटन व्यवसाय धरापमा पर्ने, राज्यको फजुल खर्च बढ्ने तथा गैँडाको स्वतन्त्रतापूर्वक हिँडडुल र विचरण गर्न पाउने अधिकार हनन हुने भन्दै स्थानान्तरण आवश्यक नरहेकोमा सबै एकमत देखिएका छन्।

निकुञ्जको तथ्याङ्क अनुसार पश्चिम सेक्टरमा पूर्वी सेक्टरको तुलनामा गैँडाको चाप बढी छ। कसरालाई मध्य क्षेत्र मान्दा त्योभन्दा पश्चिममा ६५ प्रतिशत र पूर्वमा ३५ प्रतिशत गैँडा रहेको तथ्याङ्क छ। निकुञ्जको पछिल्लो गणना अनुसार ६९४ गैँडा छन् भने पश्चिम सेक्टरमा मात्र २०९ वटा गैँडा रहेको निकुञ्ज कार्यालयले जनाएको छ।

# खानेपानीको सपना पूरा हुँदै

**रमेश पौडेल**
*पोखरा, मङ्सिर २४ गते*

पोखरा महानगरपालिका–२४ मा पर्ने कास्कीकोट चारैतिर पानीको स्रोतले घेरिएको अति सुन्दर गाउँ हो। यसको उत्तरमा माछापुच्छ्रे हिमालको फेदी भई बग्ने सेती नदी छ भने उत्तर छेउमा मर्दी खोला र याम्दी खोला निरन्तर बगिरहेका छन्। पोखरावासीले त्यही मर्दी खोलाको पानी खाइरहेका छन्।

यस्तै दक्षिण छेउको हर्पनखोला बगेर फेवातालसम्म पुग्ने गरेको छ। कास्कीकोटवासीले जता हेरे पनि पानी पानी देखिरहेका हुन्छन् तर उनीहरू भने पानीको अभावमा त्यहाँका स्थानीयको जनजीवन भने काकाकुलको जस्तो बन्दै गएको छ। उनीहरूले घरआँगन र पशु चौपायाका लागि पानीको अभाव झेल्दै आएका छन्।

पोखरा बजारबाट झन्डै १२ किलोमिटरको दुरीमा रहेका कास्कीकोटवासीले पानी जस्तो आधारभूत आवश्यकता आकाशको फल जस्तै भएको गुनासो गरेका छन्। स्थानीय गङ्गा गिरीले पानीको कथा सुनाउँदै भन्नुभयो, "हजुरआमाले बोक्नुभएको डोको आमाले बोक्दै गर्दा अहिले मसँग आइपुगेको छ। अबका दिनमा भावी पुस्तालाई त्यही डोको बोकाउनु नपरोस् भन्ने मेरो इच्छा छ।" कास्कीकोटवासीले धम्पुसबाट आएको खानेपानीमा मुहानको समस्या भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा सुनाए। लौरुक खानेपानी कहिले सम्पन्न हुने हो भन्दै स्थानीय चित्रदेवी भट्टराई सुवेदीले जनप्रतिनिधिसँग पनि गुनासो व्यक्त गर्नुभयो। कास्कीकोटका स्थानीयले पानीकै समस्या कहिलेसम्म भोग्नुपर्ने हो भनेर जिज्ञासा व्यक्त गरे। स्थानीयले प्रदेश सरकारले २०७२ सालमै 'एक घर, एक धारा' को नीति अगाडि सारेको थियो तर पोखरा महानगरको कास्कीकोटमा भने सो अनुसार काम हुन नसकेको गुनासो कास्कीकोटका बासिन्दाले गर्दै आएका छन्।

सो क्षेत्रका प्रदेश सांसद प्रकाश बरालले कास्कीकोटवासीले विगतबाट भोग्दै आएको पानीको समस्याबारे अहिले आएर सम्बोधन भएको बताउँदै आफू निर्वाचित भएपछि लौरुक खानेपानीको बजेट विनियोजन भएर काम सुरुसमेत भइसकेको हुनाले कास्कीकोटवासीले पानी खानका लागि अब धेरै कुर्नु नपर्ने जानकारी दिनुभयो। गण्डकी प्रदेश अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालले आवश्यकता अनुसार प्रदेश सरकारले योजना छनोट गरेकाले अबका दिनमा कास्कीकोटवासीलाई पानी खुवाएरै छाड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

पोखरा महानगरपालिका–२४ का वडाध्यक्ष भरतबहादुर अधिकारीले यस वर्षदेखि खानेपानी समस्यालाई क्रमिक रूपमा निवारण गर्दै जाने बताउनुभयो। उहाँले अहिले कास्कीकोटमा पानीको समस्या भए पनि समाधानका लागि ट्याङ्की र धारा बनाउने काम तीव्र गतिमा भएको बताउनुभयो। लौरुक लिफ्टिङ योजनाका लागि ११ करोड रुपियाँभन्दा बढीको विस्तृत परियोजना प्रतिवेदन तयार भए पनि घटिघटाउमा जाँदा छ करोडको बजेटभित्रमा हालको योजना सम्पन्न हुने जानकारी उहाँले दिनुभयो।

विद्युत् प्राधिकरणले मात्रै लिफ्टिङका लागि थप ६५ लाख रुपियाँको बजेटमा काम गरिरहेको छ। सो आयोजनाका योजना प्रमुख इन्जिनियर कमल बरालका अनुसार लिफ्टिङबाट झन्डै आठ सय धारा जडान हुने र चार हजार जनसङ्ख्यालाई खानेपानीको आपूर्ति गरिने बताउनुभयो। सो कार्यक्रमले खानेपानी योजना समयमै सम्पन्न गर्न थप दबाब दिएको छ भने कास्कीकोटवासी पनि छिट्टै पानीको सुविधा पाउनेमा आशावादी छन्।

प्राविधिक रूपमा कठिन भए पनि तीन ठाउँमा पानीका ट्याङ्की बनाई लिफ्टिङमार्फत कास्कीकोटको सिरानमै पानी पुर्‍याइने छ। प्रतिसेकेन्ड १० लिटर पानी पम्पिङ गरी करिब दुई लाख लिटर पानी जम्मा गर्न सकिने इन्जिनियर बरालको भनाइ छ। सुरुमा पाँच/छ घण्टा पम्पिङ गरिए पनि कास्कीकोटवासीको आवश्यकताका आधारमा बढाउन सकिने इन्जिनियर बरालले बताउनुभयो।

# प्रादेशिक अस्पतालमा प्रसूति सेवा विस्तार

**बुटवल समाचारदाता**
*बुटवल, मङ्सिर २४ गते*

लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा अब हप्तामा सातै दिन शल्यक्रियासहितको प्रसूति सेवा उपलब्ध हुने भएको छ। अस्पतालले प्रसूति सेवाका लागि छुट्टै शल्यक्रिया कक्ष सञ्चालनमा ल्याएपछि सातै दिन प्रसूति सेवा उपलब्ध गराउने भएको हो।

अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. इन्द्र ढकालले अस्पतालमा आठ शय्याको रिकभरि वार्ड तथा १५ शय्याको पोस्ट अपरेटिभ शय्यासहित नयाँ शल्यक्रिया कक्ष सञ्चालमा आएको बताउनुभयो। उहाँले अब हप्ताको सातै दिन प्रसूति सेवातर्फ शल्यक्रिया सेवा उपलब्ध गराउने जानकारी दिनुभयो।

सञ्चालनमा ल्याइएको नयाँ शल्यक्रिया कक्षमा तीन वटा शल्यक्रिया कक्ष रहेको अस्पतालका मेसु ढकालले जानकारी दिनुभयो। मेसु ढकालले छुट्टै शल्यक्रिया कक्ष सञ्चालनसँगै प्रसूति सेवा थप गुणस्तरीय र सहज हुने बताउनुभयो। अस्पतालबाट विगत तीन वर्षदेखि वार्षिक नौ हजारभन्दा बढी बिरामीले शल्यक्रिया सेवा लिँदै आएका छन्। अब प्रसूतिका लागि छुट्टै शल्यक्रिया कक्ष बनेपछि ३३ प्रतिशतले शल्यक्रियाको सेवा वृद्धि हुने अस्पतालले जनाएको छ।

मेसु ढकालले अस्पतालमा पर्याप्त भौतिक संरचनाको अभाव, उपकरण तथा जनशक्ति नहुँदा तत्काल शल्यक्रिया गर्नुपर्ने बिरामीबाहेक अन्य बिरामीलाई महिनौँपछिको पालो लगाउनुपर्ने बाध्यता



अस्पतालमा थपिएको प्रसूति सेवाको शल्यक्रिया कक्ष ।

अब कम हुने जनाउनुभयो। अस्पतालको तथ्याङ्क अनुसार पछिल्लो आर्थिक वर्ष २०८०/८१ मा नौ हजार ७६५ वटा शल्यक्रियामध्ये चार हजार ५४७ वटा शल्यक्रिया प्रसूति सेवातर्फको रहेको छ।

अस्पतालमा प्रसूति सेवाका लागि पछिल्लो आवमा १२ हजार ९८ जनाले सेवा लिएकामध्ये सात हजार ५४८ जनाले सामान्य रूपमा बच्चा जन्माएका छन्। अस्पतालमा सेवाग्राहीको चाप बढेसँगै सेवा विस्तारलाई पनि प्राथमिकता दिइएको अस्पतालका प्रशासकीय प्रमुख राजन केसीले बताउनुभयो। पछिल्लो आवमा लुम्बिनी प्रादेशिक अस्पतालबाट तीन लाख ४८ हजार ९७१ जनाले स्वास्थ्य उपचार लिएको अस्पतालले जनाएको छ।

अस्पतालका अनुसार शल्यक्रिया कक्ष विस्तारसँगै विगतमा सातामा दुई दिन हुने हाडजोर्नीसम्बन्धी शल्यक्रिया अब सातामा तीन दिन हुने छ भने सोही अनुसार शल्यक्रियातर्फ नाक, कान, घाँटीसम्बन्धी शल्यक्रियाका लागि पनि सातामा तीन दिन तोकिएको छ। अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठले अस्पतालको स्वास्थ्य सेवालाई थप गुणस्तर र गुनासोरहित बनाउनका लागि काम भइरहेको बताउनुभयो।

# सुनिता प्रदेश सभा सदस्यमा सिफारिस



**वालिङ समाचारदाता**
*वालिङ, मङ्सिर २४ गते*

नेपाली कांग्रेसले गण्डकी प्रदेश सभा सदस्यमा स्याङ्जाकी सुनिता थापालाई सिफारिस गर्ने निर्णय गरेको छ । स्याङ्जाको चापाकोट नगरपालिका–९ की ३२ वर्षीय सुनिता बोल्न सक्नुहुन्न तर उहाँ निरन्तर समाजसेवामा सक्रिय रहँदै आउनुभएको छ। उहाँ जन्मजात बोल्न नसक्ने अवस्थामा हुनुहुन्छ। दोभासेको सहायताले उहाँका आफू जस्तै समस्यामा रहेका व्यक्तिका लागि काम गर्दै आउनुभएको छ।

राष्ट्रिय बहिरा महासङ्घ नेपाल गण्डकी प्रदेशको अध्यक्ष रहेकी थापा अपाङ्ग महासङ्घ गण्डकी प्रदेशको कोषाध्यक्षसमेत हुनुहुन्छ। चापाकोट नगरपालिकामा गठन भएको अपाङ्ग सङ्घको अध्यक्षका रूपमा समाजसेवामा उहाँ निरन्तर सक्रिय रहँदै आउनुभएको छ। अविवाहित थापा नेपाली कांग्रेसकी प्रदेश महाधिवेशन प्रतिनिधिसमेत हुनुहुन्छ। सोमबार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले रिक्त पदमा क्रम सङ्ख्या अनुसार अगाडि रहनुभएकी थापालाई सिफारिस गरेको हो।

कात्तिक २९ मा गण्डकी प्रदेश सभा सदस्य विमला गौचनको मृत्यु भएपछि सो पद रिक्त थियो। थापाको नाम आदिवासी जनजाति महिलातर्फ बन्दसूचीमा पाँचौँ नम्बरमा थियो। उहाँभन्दा अगाडिका चार जना प्रदेश सभा सदस्य बनिसकेका कांग्रेस गण्डकी प्रदेशका उपसभापति तथा प्रदेश सांसद कल्पना तिवारीले जानकारी दिनुभयो।

# गोरखापत्रकर्मी खान सम्मानित

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, मङ्सिर २४ गते*

गोरखापत्रका नेपालगन्ज समाचारदाता सिराज खानलाई भारतको नयाँ दिल्लीमा अम्बेडकर फेलोसिप अवार्डबाट सम्मान गरिएको छ।

भारतीय दलित साहित्य अकादमीले आफ्नो ४० औँ राष्ट्रिय सम्मेलनमा पिछडिएका समुदायको अधिकारका लागि निरन्तर कलम चलाएको उल्लेख गर्दै गोरखापत्रकर्मी खान र बाँकेका अर्का पत्रकार डा. डक्टप्रसाद धितालसलाई 'भीमराव अम्बेडकर फेलोसिप अवार्ड–२०२४' प्रदान गरेर सम्मानित गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि भारतको संविधान निर्माता भीमराव अम्बेडकरका सहपाठी तथा भारत सरकारका पूर्वमन्त्री सनप्रिय गौतम, भारतीय दलित साहित्य अकादमीका अध्यक्ष सोहनपाल सुमनाक्षर र भारत सरकारका उच्च अधिकारी डा. मनोजकुमार यादवलगायतले उहाँहरूलाई सम्मानपत्र र पदक प्रदान गर्नुभएको थियो।

# वन्यजन्तुको अवस्था पहिचान गरिने

**घोराही समाचारदाता**
*घोराही, मङ्सिर २४ गते*

दाङमा वन्यजन्तुको अवस्था पहिचान गरिने भएको छ। जिल्लाका चार स्थानीय तह अन्तर्गत रहेको जङ्गलमा वन्यजन्तुको अवस्था पहिचान गर्न थालिएको हो। डिभिजन वन कार्यालय घोराहीको समन्वय तथा तराई भूपरिधि कार्यक्रम (ताल) को प्राविधिक सहयोगमा वन्यजन्तुको पहिचान गर्न थालिएको हो।

बाँके राष्ट्रिय निकुञ्जसँग जोडिएका दाङका घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका, लमही नगरपालिका र दङ्गीशरण गाउँपालिका अन्तर्गत रहेको जङ्गल क्षेत्रमा वन्यजन्तुको अवस्था पहिचान गर्न थालिएको तालका सह–व्यवस्थापक नवीन ढुङ्गानाले जानकारी दिनुभएको छ।

उहाँका अनुसार दङ्गीशरण गाउँपालिकाक–१ र २, घोराही उपमहानगरपालिका–१, २, ३ र ५, तुलसीपुर उपमहानगरपालिका–१३ र लमही नगरपालिका–१, ३, ५, ६, ७, ८ र ९ नम्बर वडामा अध्ययन गर्न थालिएको छ। सरकारले निर्धारण गरेको मापदण्ड अनुसार क्यामरा ट्र्याप विधिबाट अध्ययन गरिने उहाँले बताउनुभयो। सहव्यवस्थापक ढुङ्गानाका अनुसार यसअघि दाङको देउखुरी क्षेत्रसँगै कपिलवस्तु र अर्घाखाँचीमा वन्यजन्तुको अवस्थाबारे अध्ययन गरिएको थियो। अध्ययनका लागि खटिनेलाई तालिम दिइसकेको भन्दै उहाँले यही मङ्सिर २४ गतेबाट जङ्गल क्षेत्रमा क्यामरा जडानको काम सुरु हुने छ। उहाँले भन्नुभयो, "यो कार्यक्रमको मुख्य उद्देश्य भनेको जङ्गल क्षेत्रमा बाघलगायतका वन्यजन्तुको अवस्था पहिचान गर्नु हो।"

वन्यजन्तुको बारेमा जानकारी लिनका लागि चार पालिकामा १०९ वटा क्यामरा जडान गरेर अध्ययन गरिने डब्लुडब्लुएफ नेपालका वरिष्ठ अनुसन्धान अधिकृत समुन्द्र सुब्बाले बताउनुभयो। वन्यजन्तुको अध्ययनका लागि जिल्लामा २४ जनाको टोली खटिने भएको छ। जङ्गल क्षेत्रमा क्यामरा ३० दिनसम्म राखेर अध्ययन गरिने भन्दै वरिष्ठ वन अधिकृत सुब्बाले भन्नुभयो, "अध्ययनपछि यस क्षेत्रका जङ्गलमा कुन कुन प्रजातिका वन्यजन्तुको बसोबास रहेको छ, त्यो पत्ता लाग्ने छ।"

अध्ययनले यस क्षेत्रमा कुन प्रजातिको वन्यजन्तुको जोखिम बढ्दै गएको छ भनेर पत्ता लाग्ने र त्यसको संरक्षण र व्यवस्थापनमा सहयोग पुग्नेसमेत उहाँले बताउनुभयो। दाङ जिल्लामा पहिलो पटक हुन थालेको अवस्था पहिचानले वन्यजन्तुको बारेमा जानकारीसँगै उनीहरूको संरक्षणमा सहयोग पुग्ने सुब्बाको भनाइ छ।

# बाँझो जमिनमा सामूहिक चिया खेती

**तम्घास समाचारदाता**
*तम्घास, मङ्सिर २४ गते*

गुल्मीमा बाँझो जग्गालाई भरपुर सदुपयोग गर्दै व्यावसायिक रूपमै चिया खेती सुरुवात गरिएको छ। बर्सौंदेखिको बाँझो जग्गालाई त्यसै खेर जान दिनुभन्दा सदुपयोग गर्दै चिया खेतीको सुरुवात गरिएको स्थानीयले बताएका छन्। कालीगण्डकी गाउँपालिका–७, भुर्तुङका ३४ घरपरिवारले तमु उद्यमशील महिला समूहमार्फत ४० रोपनी बाँझो जग्गामा १२ हजार चियाका बिरुवा लगाएका छन्। गत साउनमा इलामबाट १२ हजार बिरुवा ल्याएर परीक्षणका रूपमा रोपिएका बिरुवा राम्रो हुँदै गएको कृषक दलबहादुर गुरुङले बताउनुभयो।

चियाका लागि यहाँको हावापानी उपयुक्त हुने र बाँझो जग्गा सदुपयोग गरी स्थानीयलाई आयआर्जनमा जोड्ने उद्देश्यले चिया खेतीको सुरुवात गरिएको उहाँको भनाइ छ । युवालाई विदेश जानभन्दा नेपालमै स्वरोजगार बनाउन सकिने भएकाले यसरी सामूहिक रूपमा चिया खेतीको सुरुवात गर्नमा आफूहरूले सहयोग गर्दै आएको स्थानीय युवा राजु गुरुङले बताउनुभयो। यसका साथै किवी खेती पनि यस क्षेत्रमा भएकाले राम्रो आयआर्जन गर्न सकिने सम्भावना भएको उहाँले दाबी गर्नुभयो।

चियाका बिरुवा राम्रो हुँदै जान थालेपछि विगतको मेहनत र दुःखले सार्थकता पाएको कृषक इन्द्रा गुरुङले बताउनुभयो। गत साउनमा रोपिएका चियाका बिरुवा सबै राम्रोसँग जागेर नयाँ पालुवासमेत निकालेकाले चिया खेती सफल हुनेमा आफूहरू ढुक्क भएको उहाँहरूको भनाइ छ।

पृष्ठ १० को बाँकी



**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारका लागि विशेष निर्देशन**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट सामूहिक परीक्षण तथा अन्तर्वार्ताका लागि छनोट भएपछि सामूहिक परीक्षण तथा अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कलसहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्नेछ। उल्लिखित कागजातहरू दरखास्तसाथ पेश नभएको पाइएमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ।

(क) **खस आर्यको हकमा:** राष्ट्रिय समावेशी आयोगबाट खस आर्यमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट खस आर्य जाति भित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

(ख) **दलितको हकमा:** राष्ट्रिय दलित आयोगबाट दलित वर्गमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट दलित जाति भित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

**द्रष्टव्य:-**

(क) कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्। तर स्थानीय स्वास्थ्य सेवाको समान तहको पदमा तोकिए बमोजिमको योग्यता पुगेको कर्मचारीले प्रतिस्पर्धा गर्न बाधा पुग्नेछैन।
(ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।
(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
(घ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ५ (पाँच) दिन अगावै आयोगमा लिखित निवेदन दिनुपर्नेछ।
(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, खुलातर्फ दरखास्त दिने उम्मेदवारका लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सोको १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
(च) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
(छ) सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।
(ज) एउटै व्यक्तिले एकभन्दा बढी समूहबाट प्रतिष्पर्धा गर्न पाउने अवस्था रहेछ भने कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ९ को उपदफा (५) र स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन, २०८१) को दफा १० को उपदफा (६) बमोजिम निजले त्यस्ता समूह मध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिष्पर्धा गर्न पाउनेछ।
(झ) दरखास्त पेश गर्ने तरिका सम्बन्धी जानकारीका लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।
(ञ) पाठ्यक्रम आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np/course** बाट प्राप्त गर्न सकिनेछ।

**थप जानकारीका लागि**
**सम्पर्क नम्बर:** ०८३-५९०३०० र ०८३-५९०३०६
**Website:** ppsc.karnali.gov.np **Email:** ppsckarnali@gmail.com/info.ppsc@karnali.gov.np